"कृषि, व्यापार र पर्यटन : हाम्रो सशक्त अभियान"

# नमोबुद्ध नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

भकुण्डेबेसी, काभ्रेपलाञ्चोक
बागमती प्रदेश, नेपाल

NAMOBUDDHA MUNICIPALITY

०११-४०४०३१
०११-४०४०६८

पत्र संख्या : २०८०/०८१
चलानी नं. :

मिति : २०८०/११/१६

## फलफुल प्रवर्द्धन कार्यक्रम प्रस्ताव आह्वान सम्बन्धी सूचना

प्रस्तुत विषयमा यस नगरपालिकाको आ.व. २०८०/०८१ को स्वीकृत प्रदेश सरकारबाट हस्तान्तरित वार्षिक कृषि विकास कार्यक्रम अन्तर्गत फलफुल प्रवर्द्धन कार्यक्रम सञ्चालन गर्न "प्रदेश तथा स्थानीय तहमा वित्तिय हस्तान्तरित कृषि विकास कार्यक्रम संचालन सम्बन्धी कार्यविधि, २०८०" बमोजिम यस नमोबुद्ध नगरपालिका भित्र दर्ता भई संचालनमा रहेका ईच्छुक कृषक, कृषि फर्म/कम्पनी, कृषक समुह, सहकारी संस्थाहरुले सूचना प्रकाशन भएको मितिले १५ दिन अर्थात मिति २०८०/१२/०१ गते भित्र तपसिल बमोजिमका आवश्यक कागजात सहित प्रस्ताव दर्ता गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ ।साथै रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागि समावेश हुन नसक्ने व्यहोरा समेत जानकारी गराइन्छ ।

तपसिलः

| क्र.सं. | कार्यक्रमको नाम | लक्ष्य | बजेट रु. | गर्न सकिने प्रमुख क्रियाकलापहरु |
|---|---|---|---|---|
| १. | फलफुल प्रवर्द्धन कार्यक्रम (व्यवसायीक रुपमा कम्तीमा २ रोपनी क्षेत्रफलमा बगैचा स्थापना हुनुपर्ने) | १ (पटक) | १५,००,०००।- | १. नँया बगैचा निर्माण तथा व्यवस्थापन (बगैचा रेखाङ्कन, विरुवा रोपण, सिंचाई व्यवस्थापन, कृषि औजार लगायत खाद्य तत्व व्यवस्थापन)<br>२. पुरानो बगैचा सुदृढीकरण (कृषि औजार/उपकरण, रोगकिरा नियन्त्रण, सिंचाई व्यवस्थापन लगायत सम्बन्धित कार्य) |

**आवश्यक कागजातहरुः**

१. नगरपालिकाले तयार गरेको अनुदानको लागि पेश गर्ने ढाँचामा निवेदन ।
२. कृषि फर्म/कम्पनी, कृषक समुह, सहकारी संस्थाहरुले संस्था दर्ता प्रमाण पत्र, स्थायी लेखा नम्बर र करचुक्ता प्रमाणपत्रको प्रतिलिपी ।
३. कृषक समुह/सहकारी संस्थाको हकमा बैठकको निर्णय प्रतिलिपी ।
४. लाभान्वित हुने कृषकको नागरिकता प्रमाणपत्र र क्षेत्रफल खुल्ने जग्गाधनी प्रमाणपत्रको प्रतिलिपी ।
५. संचालन गर्न चाहेको फलफुल प्रवर्द्धन कार्यक्रम योजनाको अनुमानित लागत अनुमान ।
६. सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र ।

थप जानकारीको लागिः
नमोबुद्ध नगरपालिका कृषि विकास शाखामा कार्यालय समय भित्र सम्पर्क गर्न सकिनेछ । (९८६८७०६९१०, ९८४३३२५२२३, ९८६९११९१४८)

ईश्वरी प्रसाद शर्मा
प्रमुख प्रशासकीय अधिकृत